आज मिति २०७३ साल श्रावण ३१ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशीराम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

३. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

४. भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई.श्री राजु अर्याल, र.न.पा. कार्यालय द

५ आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

६. खरिद तथा जिन्सी व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

७ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

८. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द

९. ने.न.क.ए. इकाई समिति रत्ननगरका प्रतिनिधी उपाध्यक्ष श्री शंकर गिरी द

**निर्णय :**

**निर्णय नं. १:** गुनासो व्यवस्थापनका लागि यस न. पा. कार्यालयमा कार्यरत लेखा अधिकृत श्री सीताराम पोखरेललाई **गुनासो सुन्ने अधिकारी (Nodal Officer)** तोक्ने निर्णय गरियो ।

**निर्णय नं. २:** यस रत्ननगर न. पा. को आ. व. २०७३।०७४ को संघ संस्था भौतिक पूर्वाधार लागत सहभागिता शिर्षकबाट व्यय हुने गरी तपसिल वमोजिम संघसंस्थाहरुलाई देहाय अनुसार हुने गरी निर्णय गरियो ।

क. श्रीकृष्ण प्रणामी सेवा समिति, शाखा मन्दिर, रत्ननगर १०, जिरौनालाई रु. १,५१,१११।- (एक लाख एकाउन्न हजार एकसय एघार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ख. ब्रम्हाकुमारी राजयोग सेवाकेन्द्र, रत्ननगर २ लाई रु. ३०,०००।- (तीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ग. दुर्गा मन्दिर समिति, रत्ननगर २ लाई रु. ५०,०००।- (पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

घ. लायन्स क्लव अफ रत्ननगरलाई रु. १०,०००।- (दश हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.३:** जिल्ला बुद्धिचाल संघ, चितवनको माग वमोजिम चितवन जिल्ला व्यापी अन्तर मा. वि. स्तरिय बुद्धिचाल प्रतियोगितामा सहयोगका लागि यूवा तथा खेलकुद विकास शिर्षकबाट व्यय हुने गरी रु. ५,०००।- (पाँच हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।